# ललितपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सहकारी शाखा, छ्यावाहाल,

## बागमती प्रदेश, ललितपुर

**ललितपुर महानगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई जरुरी सूचना ।**

सूचना प्रकाशित मिति: वि.सं.२०७८।०५।०३, ने.सं.११४१ गुंलाथ्व द्वादशी

१. ललितपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५३ को उपदफा (१) वमोजिम संस्थाहरुले अनिवार्य रुपमा २०७८ आश्विन मसान्त भित्र लेखा परिक्षण सम्पन्न गर्नु हुन ।

२. लेखा परीक्षक नियुक्ति गरी यस महानगरपालिकाको सहकारी शाखामा निम्न कागजात सहित अनिवार्य रुपमा नियुक्तिको जानकारी पठाउनु हुन ।

(क) लेखापरिक्षकको २०७९ असारमसान्त सम्मको नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) अघिल्लो साधारण सभाले लेखा परिक्षक नियुक्ति गर्ने निर्णयको प्रतिलिपि ।

(ग) संचालक समितिले लेखा परिक्षक नियुक्ति सम्वन्धी गरिएको निर्णयको प्रतिलिपि ।

(घ) लेखा परिक्षक नियुक्तिको जानकारी सम्वन्धी संस्थाको पत्र ।

३. सहकारी ऐन, २०७५ को दफा २९ को उपदफा (२) वमोजिम संस्थाको वार्षिक साधारण सभा २०७८ पौष महिना भित्र अनिवार्य रुपमा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र वा २०७८ माघ १५ गते भित्र ऐनको दफा ५१ वमोजिम आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन यस महानगरपालिकामा पेश गर्नु हुन ।

४. तोकिएको अवधि भित्र प्रतिवेदन पेश नभएमा सहकारी ऐन, २०७५ को दफा ८२ वमोजिम जरिवाना लाग्ने छ ।

५. साधारण सभाको प्रतिवेदन पेश गर्दा चेक लिष्ट वमोजिम छ छैन हेरी पेश गर्नु होला । चेक लिष्ट तल संलग्न गरिएको छ ।

६. सहकारी संस्थाहरुले शेयर सदस्य वाहेक अन्य व्यक्तिसंग वचत संकलन तथा ऋण लगानी नगर्न नगराउनु हुन ।

७. संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका ऐनले योग्य भएका व्यक्तिहरुलाई मात्र सदस्यता दिई कारोवार गर्नु हुन ।

८. संघीय सहकारी ऐन, २०७४ को दफा ४४ को खण्ड (ग) र खण्ड (ङ) मा भएको व्यवस्था अनिवार्य रुपमा पालना गर्न गराउनु हुन ।

९. बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (९) र (११) मा भएको व्यवस्था अनिवार्य रुपमा पालना गर्न गराउनु हुन ।

१०. बार्षिक रु. १ करोड भन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरुले अनिवार्य रुपमा मासिक प्रतिवेदन महिना समाप्त भएको सात दिन भित्र यस महानगरपालिकाको सहकारी शाखामा पठाउनु हुन । मासिक प्रतिवेदनको ढाँचा संलग्न विवरणमा उल्लेख छ ।

# सहकारी संस्थाहरुले आ.ब. ०७७/७८ को वार्षिक प्रतिवेदन वुझाउने चेकलिष्ट

## (क) प्रतिवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१. साधारण सभाको प्रतिवेदन पेश गरेको भनी संस्थाको लेटर प्याडमा पत्र

२. आ.ब. ०७८।७९ को व्यवसाय नविकरण प्रमाण पत्रको फोटोकपी

३. आ.ब. ०७७।७८ को कर चुक्ता प्रमाण पत्रको फोटोकपी वा म्याद थप गरिएको पत्र वा आय विवरण पेश गरेको कागजात

४. वार्षिक विवरण सम्वन्धमा  तोकिएको ढाँचा पुरा भरेको

५. निर्वाचन भएको भए निर्वाचित संचालकहरु र लेखा समितिका पदाधिकारीहरुको तीनपुस्ते विवरण, नागरिकताको फोटोकपी, सम्पर्क नं. र फोटो (फोटोमा पर्ने गरी दस्तखत समेत)

६. विनियम संशोधनको निर्णय गरेको छ भने विनियम संशोधन स्वीकृतको लागि संस्थाको लेटरप्याडमा पत्र र संचालकहरु सवैको दस्तखत सहितको तीनमहले २ प्रति

## (ख) प्रतिवेदनमा आवश्यक कागजात

१. सभामा वहुमत सदस्य उपस्थिति भएको हुनु पर्ने

२. सभामा उपस्थित सवै सदस्यहरुको विवरण

३. संचालकको तर्फवाट प्रतिवेदन पारित गरी पारित प्रतिवेदन संलग्न गर्ने

४.भावि कार्यक्रम पारित गरी पारित भएको भावि कार्यक्रम संलग्न गर्ने

५. अनुमानित बजेट पारित गरी पारित भएको अनुमानित बजेट संलग्न गर्ने

६.. लेखा समितिको प्रतिवेदन पारित गरी पारित भएको लेखा समितिको प्रतिवेदन संलग्न गर्ने

७. आगामी आ.ब.को लागि लेखा परिक्षक नियुक्ति गरेको र निजको पारिश्रमिक तोकिएको हुनु पर्ने

८. निर्णय पुस्तिका प्रमाणित गर्न साधारण सदस्यहरु मनोनयन गरेको हुनु पर्ने

९. लेखा परिक्षण प्रतिवेदनपारित गरी परित भएको लेखा परिक्षण प्रतिवेदन संलग्नगर्ने

१०. साधारण सभाको निर्णय तोकिएको सदस्य र संचालकहरुले तल माथी दस्तखत गरी प्रमाणित गरेको हुनु पर्ने

११. अन्य नीति, कार्यविधिहरु पारित भएको भएको सो नीति, कार्यविधिहरु पनि संलग्न गर्ने ।

बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले महिना भुक्तान भएको ७ (सात) दिन भित्र अनिवार्य रुपमा पेश गर्नु पर्ने मासिक विवरण

मिति: २०७८/

**श्री ललितपुर महानगरपालिका,**
**सहकारी शाखा ।**

२०७८ साल .................. महिनाको कारोवार विवरण देहाय बमोजिम भएको व्यहोरा पेश गरेको छु ।

सहकारी संस्थाको नाम: ...............................

ठेगाना : ................................

सम्पर्क न. : ...........................

रु हजारमा

| विवरण | संख्या | गत महिना सम्म | यस महिना | जम्मा |
|---|---|---|---|---|
| शेयर पूंजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य कोषहरु | | | | |
| कुल बचत रकम | | | | |
| ४.१ गत आ.व. सम्मको बचत बाँकी | | | | |
| ४.२ बचत संकलन | | | | |
| ४.३ बचत फिर्ता | | | | |
| ४.४ फिर्ता गर्न बाँकी रकम | | | | |
| लिएको ऋण | | | | |
| ५.१ लिएको ऋण | | | | |
| ५.२ तिरेको ऋण | | | | |
| ५.३ तिर्न बाकी ऋण | | | | |
| दायित्व हिसाव | | | | |
| अन्य दायित्व | | | | |
| नाफा नोक्सान हिसाव | | | | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा दायित्व | | | | |
| नगद मौज्दात | | | | |
| बैंक मौज्दात (मुद्दती निक्षेप र आवधिक निक्षेप समेत ) | | | | |
| १.१ क वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.२ ख वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.३ ग वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.४ घ वर्गको बैंक तथा वित्तिय संस्थामा | | | | |
| १.५ ङ वर्गको बैंक | | | | |
| १.६ बचत तथा ऋण केन्द्रिय सहकारी संघमा | | | | |
| लगानी | | | | |
| ३.१ मुद्दती हिसाब | | | | |
| ३.२ शेयर लगानी | | | | |
| ३.३ व्यापारिक लगानी | | | | |
| सदस्यहरुलाई गएको कर्जा/ऋण | | | | |
| ४.१ गत आ.व. को लगानीमा रही रहेको | | | | |
| ४.१.१ भाखा ननाघेको | | | | |
| ४.१.२ एक वर्षसम्म भाखा नाघेको | | | | |
| ४.१.३ एक वर्ष भन्दा बढि भाखा नाघेको | | | | |
| ४.२ यस वर्ष ऋण लगानी | | | | |
| ४.३ ऋण असुली | | | | |
| ४.४ असुल गर्न बाँकी ऋण | | | | |
| ४.४.१ भाखा ननाघेको | | | | |
| घरजग्गा खरिद | | | | |
| व्यापार/ व्यवसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि र उद्योग | | | | |
| ४.४.२ एक वर्ष सम्म भाखा नाघेको | | | | |

| | | | | |
|---|---|---|---|---|
| घरजग्गा खरिद | | | | |
| व्यापार व्यवसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि र उद्योग | | | | |
| **४.४.३ एक वर्ष भन्दा बढि भाखा नाघेको** | | | | |
| घरजग्गा खरिद | | | | |
| व्यापार व्यवसाय | | | | |
| हायरपर्चेज | | | | |
| कृषि र उद्योग | | | | |
| असुल गर्न बाँकी व्याज | | | | |
| स्थिर सम्पती | | | | |
| ६.१ घरजग्गा | | | | |
| ६.२ फर्निचर | | | | |
| ६.३ सवारी | | | | |
| ६.४ अन्य | | | | |
| अन्य सम्पती | | | | |
| *कुल सम्पती* | | | | |
| **आम्दानी:** | | | | |
| १.१ कर्जाबाट व्याज आम्दानी | | | | |
| १.२ अन्य आम्दानी | | | | |
| खर्च | | | | |
| २.१ ब्रडणवचतमा व्याज खर्च | | | | |
| २.२ कर्जाको लागि जोखिम व्यवस्था | | | | |
| २.२१ भाखा ननाघेको | | | | |
| २.२.३ एक वर्ष भन्दा बढि भाखा नाघेको | | | | |
| २.३ ब्रडद्बअन्य संचालन खर्च | | | | |
| २.४ खराब ऋण अपलेखन | | | | |
| २.५ कर्मचारी खर्च | | | | |

| | | | | |
|---|---|---|---|---|
| खुद नाफा नोक्सान | | | | |
| बचत गर्ने सदस्य संख्या : | | | | |
| १.१ व्यक्तिगत सदस्य | | | | |
| १.२ संस्थागत सदस्य | | | | |
| बचत व्याज दर: | | | | |
| २.१न्यूनतम | | | | |
| २.२अधिकतम | | | | |
| सदस्य संख्या: | | | | |
| ३.१ पुरुष | | | | |
| ३.२ महिला | | | | |
| ३.३ जम्मा | | | | |
| ऋण असुली | | | | |
| ४.१ भाखा ननाघेको | | | | |
| ४.२ भाखा नाघेको | | | | |
| लगानीमा रहिरहेको | | | | |
| ५.१ घरजग्गा | | | | |
| ५.२ व्यापार व्यवसाय | | | | |
| ५.३ हायरपर्चेज | | | | |
| ५.४ कृषि र उधोग | | | | |
| ५.५ अन्य | | | | |
| कर्मचारी सख्या : | | | | |
| ६.१ पुरुष | | | | |
| ६.२ महिला | | | | |
| ६.३ कार्यालय | | | | |
| ६.४ जम्मा | | | | |

..........................................

कार्यकारी अधिकृत अध्यक्षको
नाम र हस्ताक्षर